बैठक संख्या :- १५२
मिति :- २०८०।०९।२९, शनिवार
समय :- बिहान ७:३० बजे

कमलामाई नगर कार्यपालिका प्रमुख श्री उपेन्द्र कुमार पोखरेल ज्यू को अध्यक्षतामा निम्नानुसारको उपस्थीतिमा कार्यपालिकाको बैठक बस्यो ।

उपस्थिति

| | |
|---|---|
| श्री उपेन्द्र कुमार पोखरेल | नगर प्रमुख |
| श्री मन्जु देवकोटा | नगर उप-प्रमुख |
| श्री नरेश गोले | वडा अध्यक्ष १ |
| श्री ईन्द्र वाईवा | वडा अध्यक्ष २ |
| श्री खड्ग प्रसाद चौलागाई | वडा अध्यक्ष ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडा अध्यक्ष ४ |
| श्री पुर्ण वहादुर खड्का | वडा अध्यक्ष ५ |
| श्री उज्ज्वल कुमार थापा | वडा अध्यक्ष ६ |
| श्री कर्ण बहादुर घिसिङ्ग | वडा अध्यक्ष ७ |
| श्री कोमल कुमार श्रेष्ठ | वडा अध्यक्ष ८ |
| श्री विनोद प्रधान | वडा अध्यक्ष ९ |
| श्री दिप बहादुर कार्की | वडा अध्यक्ष १० |
| श्री रामबहादुर थिङ | वडा अध्यक्ष ११ |
| श्री भिमबहादुर गुर्मछान | वडा अध्यक्ष १२ |
| श्री केशर बहादुर कार्की | वडा अध्यक्ष १३ |
| श्री राजन न्यौपाने | वडा अध्यक्ष १४ |
| श्री उमा विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री जमुना कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री देवि देवकोटा | कार्यपालिका सदस्य |
| श्री धन कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री भद्रीमाया हायु | कार्यपालिका सदस्य |
| श्री मान बहादुर दमाई | कार्यपालिका सदस्य |
| श्री राजन बहादुर भुजेल | कार्यपालिका सदस्य |
| श्री सुर्य प्रसाद दाहाल | सचिव (प्र.प्र.अ.) |

प्रस्तावहरु :

१. १४औं नगरसभा कार्यक्रम सम्बन्धमा,
२. वडाको योजना संशोधन,
३. कार्यविधि संशोधन र स्वीकृत,
४. इजाजत प्रमाण-पत्र,
५. संघ, प्रदेशमा योजना माग सम्बन्धमा,
६. एक वडा एक प्राथमिक योजना,
७. नेपाल नगरपालिका संघ सदस्यता शुल्क,
८. वि.पी. हाईवे मापदण्ड सम्बन्धमा,
९. कर्मचारी म्याद थप (करार, ज्यालादारी लगायत अन्य),
१०. भुमी सम्बन्धमा,

**सहयोगी कर्मचारी :**

- सुशिल कुमार वर्मा, अधिकृत स्तर आठौं,
- राजेन्द्र कुमार गजुरेल, अधिकृत स्तर छैठौं,
- दिपेश के.सी., सहायक स्तर पाँचौं,
- अजय प्रधान, क.अ., (सहायक स्तर पाँचौं)
- गंगा तामाङ, सहायक स्तर चौथो

**निर्णयहरु**

**निर्णय नं. १ :** १४औं हिउँदे नगरसभामा तपसिल अनुसार कार्यक्रम स्वीकृत गरी अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो ।

## कमलामाई नगरपालिका सिन्धुली

## नगरसभाको चौधौं हिउदे अधिवेशनमा नगर प्रमुख श्री उपेन्द्र कुमार पोखरेलको सम्बोधन, आर्थिक वर्ष २०८०/८१

१. कमलामाई नगरपालिकाको यस गरिमामय चौधौं हिउँदे नगरअधिवेशनमा उपस्थित उपप्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, नगरसभाका सबै सदस्यज्यूहरु, उपस्थित कर्मचारी मित्रहरु लगायत सवैमा न्यानो स्वागत गर्न चाहन्छु, र यस हिउँदे नगरअधिवेशनमा सहभागी भैदिनु भएकोमा यहाँहरु प्रति म सम्मान व्यक्त गर्दछु ।

२. गरिमामय यस सम्मानित सभामा म सर्वप्रथम नेपालको राजनीतिक परिर्वतनको आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात शहीदहरु प्रति म हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । देशको राजनीतिक, आर्थिक, सामाजिक लगायत समाज रुपान्तरणका विभिन्नि

घटनाक्रममा घाइते हुनु भएका नागरिकहरु प्रति म उच्चसम्मान व्यक्त गर्दछु । साथै राष्ट्रियता, स्वाधिनता, सामाजिक न्याय, समानता र संघीय शासन प्रणाली स्थापना गर्न संघर्ष गर्नु हुने सम्पूर्ण अग्रज व्यक्तित्व तथा नेपाली जनता समक्ष सम्मानका साथ हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

३. कार्तिक १७ गते जाजरकोटको बारेकोट गाउँपालिकाको रामीडाँडामा केन्द्र विन्दु बनाएर ६ दशमलव ४ रेक्टर स्केलको भूकम्प जाँदा जाजरकोट, रुकुम पश्चिम र सल्यानमा ठूलो जनधनको क्षति हुन गएको र त्यस दुखद घटनामा नलगाड नगरपालिकाका उप-प्रमुख सरिता सिं ठकुरी लगायत ज्यान गुमाउँनेहरु प्रति सभाको तर्फबाट हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु र घाईतेहरु प्रति स्वास्थ्य लाभको कामना गर्दछु । यस दु:खद घटनाको सम्वन्धमा कार्यपालिकाबाट रु. ५ (पाँच) लाख आर्थिक सहयोग उपलब्ध गराइएको व्यहोरा समेत म जानकारी गराउन चाहन्छु ।

४. कमलामाई नगरपालिकाको राजश्व संकलनको आफ्नो स्रोत सीमित रहेको र आफ्नो बजेटको ठूलो हिस्सा संघ तथा प्रदेश सरकारले पठाउँने वित्तीय हस्तान्तरण बापतको अनुदानमै निर्भर रहि आएको छ । यसरी संघीय सरकार र प्रदेश सरकारले पठाउँने अनुदान बाहेक राजश्व बाँडफाँडको रकम पनि हाम्रो बजेटको महत्वपूर्ण अंग रहको छन् । गत आर्थिक वर्ष २०७९।८० मा संघीय सरकारले पठाउँने वित्तीय समानिकरण अनुदान र राजश्व बाँडफाँडको रकम कटौती भई कम आएको कुरा यहाँहरुलाई थाहानै छ । यस चालु आर्थिक वर्षमा समेत हामीलाई दिएको सिलिङ्ग अनुसार रकम आउँने कुरामा संशयनै रहेको छ । यस अवस्थामा हाम्रा विनियोजित कार्यक्रमहरु प्रभावित हुने संभावना हुन्छ र श्रोत सुश्चित गरिएकोबाट रकम नआएमा स्वीकृत योजना तथा कार्यक्रमहरुको वजेट कटौती गर्नुपर्ने अवस्था आउन सक्ने कुरा म यस सम्मानित सभासमक्ष जानकारी गराउँन चाहन्छु । हाम्रो स्थानीय सरकार बलियो बनाउन आफ्नै आन्तरिक श्रोतमा बढोत्तरी गर्ने तर्फ अव हामी सवै लाग्न जरुरी छ । आन्तरिक राजश्व बढाउने कुरामा सवैले सहयोग गर्न म आग्रह गर्दछु । सरकार वलियो र सक्षम हुन आफ्नै श्रोतमा बढोत्तरी नगरी सम्भव नहुने भएकाले पनि कमलामाई नगरपालिकाको दीगो र भरपर्दो विकासको निम्ति राजश्वको बढोत्तरी विना संभव नहुने कुरा यहाँहरु समक्ष राख्न चाहन्छु ।

५. चालु प्रकृतिको खर्च दिन प्रतिदिन नगरपालिकाको बढ्दो छ भने नगरपालिकाले विभिन्न क्षेत्रहरुमा विनियोजन गरेको पुँजिगत वजेट समयमा खर्च हुन सकिरहेको छैन् । वडागत रुपमा विनियोजन गरी पठाईएको पुँजिगत बजेटको प्रभावकारी कार्यान्वयन गर्न म उपस्थिति सम्पूर्ण नगरसभा सदस्यज्यूहरुमा अनुरोध गर्न चाहन्छु । उपभोक्ता समितिहरुले प्रभावकारी ढंगले योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्दा स्थानीय श्रोत साधन तथा जनशक्तिको उपयोग हुन्छ । विकास निर्माणका साथसाथै यसले स्थानीय स्तरका थुप्रै जनशक्तिलाई काम उपलब्ध गराउँनेछ भन्ने मैले आशा लिएको छु ।

आदरणीय नगरसभाका सदस्यज्यूहरु,

६. चालु आर्थिक वर्ष २०८०/८१ को ६ महिनाको (दोश्रो त्रैमासिक) वित्तीय प्रगतिको अवस्था निम्न बमोजिम रहेको यहाँहरु सम्पूर्ण समक्ष जानकारी गराउन चाहन्छु ।

| सि.नं. | बजेट | विनियोजन बजेट रकम | खर्च रकम | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | चालु तर्फ | ८६,३३,९४,६२९.६५ (छैयासी करोड तेत्तिस लाख चौरानब्बे हजार छ सय उनन्तीस र पैसट्ठी मात्र) | ३२,२८,४४,५०४.३३ (बत्तीस करोड अट्ठाईस लाख चौवालिस हजार पाँच सय चार र पैसा तेत्तिस मात्र) | ३७.३९% | |
| २ | पूंजीगतत तर्फ | ४९,६७,४०,००० (उनन्चास करोड सरसट्ठी लाख चालिस हजार मात्र) | ३,७९,४४,८५३ (तीन करोड उनान्असी लाख चौवालिस हजार आठ सय त्रिपन्न मात्र ।) | ७.६४% | |
| ३ | वित्तीय व्यवस्था तर्फ | ३,९०,००००० (तीन कराड नब्बे लाख मात्र ।) | ० | ० | |
| जम्मा | | १,३९,९१,३४,६२९.६५ (एक अर्ब उनान्चालिस करोड एकानब्बे लाख चौतिस हजार ५ सय उनान्तीस र पैसा पैसट्ठी मात्र ।) | ३६,०७,८९,३५७.३३ (छत्तिस करोड सात लाख उनानब्बे हजार तीन सय सन्ताउन्न र पैसा तेत्तीस मात्र ।) | २५.७८% | |

७. आर्थिक संकटमा गुज्रिरहेको हाम्रो अर्थव्यवस्थामा विस्तारै सुधार आउँने संकेतहरु देखा पर्न थालेका छन् । पछिल्लो समयमा विदेशी मुद्राको संचिति समेत बढेर गएको छ, बैक व्याजदर घट्दो क्रममा रहेको र वित्तीय तरलता बढ्न शुरु भएको छ । नगरपालिकाको बढ्दो चालु खर्चमा मितव्ययीता अपनाउँनुपर्ने देखिन्छ । चालु खर्च गर्दा त्यसको उपादयता र प्रभावकारीता हेरेर मात्र खर्च गर्न म सबै प्रति आग्रह गर्दछु । विनियोजन भएका पुँजिगत बजेटको प्रभावकारी कार्यान्वयन गर्न म सबै समक्ष पुनः ध्यानाकर्षण गराउँदछु ।

आदरणीय नगरसभा सदस्यज्यूहरु :

अव म यस चौधौं नगर अधिवेशन समक्ष तपसिल बमोजिमका कार्यपालिकाले स्वीकृत गरेका प्रस्तावहरु तथा विषयहरु पारितको लागि पेश गर्दछु ।

तपसिल

क) पालिका स्तरीय तथा वडा स्तरीय र शाखागत कार्यक्रम तथा योजनाहरुको एवं वडाको प्रशासनीक खर्च, नाम, शिर्षक, स्थान तथा रकम संशोधन भई आएका योजनाहरुको अनुसूची-१ अनुसार संशोधन स्वीकृतको लागि पेश गर्दछु । (संशोधन तालिका अनुसूची-१ मा उल्लेख गरिएको छ ।)

ख) आर्थिक वर्ष २०८०/०८१ मा फुटकर शिर्षकमा विनियोजन भएको बजेटबाट विभिन्न कार्यक्रम तथा योजनाहरुमा विनियोजन भई खर्च भएको बजेटलाई अनुमोदनको लागि पेश गर्दछु ।

ग) आ.व. २०८०/०८१ मा आर्थिक सहायतामा विनियोजन भएको रकमबाट विभिन्न व्यक्तिहरुलाई उपचारार्थ खर्च भएको रकम अनुमोदनको लागि पेश गर्दछु ।

घ) आ.व. २०८०/०८१ को प्रकोप व्यवस्थापन कोषबाट भएको खर्चको अनुमोदनको लागि पेश गर्दछु ।

ङ) नेपाल सरकारबाट दरबन्दी स्वीकृत गर्दा दरबन्दीमा नपरेका अस्थायी, करार र ज्यालादारी कर्मचारीहरु कार्यालय सहयोगी, सरसफाईकर्मी, पाले, स्वीपर, माली, सवारी चालक, नगर प्रहरी, प्राविधिक, न्यायिक सहजकर्ता लगायत कार्यरत कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन तथा औचित्य तथा आवश्यकताको आधारमा कार्य गरेको अवधि अनुसार २०८० माघ १ गते देखि २०८१ असार मसान्तसम्म म्याद थप गरी निरन्तरता दिन र कार्यमूल्याङ्कन समितिबाट मूल्याङ्कन भई ज्यालादारीबाट करार सेवामा परिणत भएका कर्मचारीहरुलाई निरन्तरता दिने निर्णय अनुमोदनका लागि पेश गर्दछु ।

**निर्णय नं. २ :** तपसिलमा उल्लेखित अनुसार वडागत योजनाहरु संशोधनको लागि नगरसभामा स्वीकृतीको लागि पेश गर्ने निर्णय गरियो ।

**तपसिल**

| सि.नं. | स्वीकृत योजनाको नाम | स्वीकृत रकम | संशोधन गर्ने पर्ने योजनाको नाम | संशोधन रकम |
|---|---|---|---|---|
| १ | सातधारा खानेपानी १ | २००००० | सातधारा सडक १ | २००००० |
| २ | रेडक्रस भवन रंगरोगन र व्यबस्थापन १ | ३५०००० | रेडक्रस भवन रंगरोगन १ | २००००० |
| ३ | | | रेडक्रस एम्बुलेन्स मर्मत १ | १५०००० |
| ४ | योन्जनडाँडा आचार्यटोल गौतमटोल सडक ३ (प्र.म. स्वरोजगार) | २००४०० | तारुफेदी कुड्ले सडक तथा घो. बाटो ३ | २००४०० |
| ५ | उत्पादनमा बृद्धि गर्न विउ विजन वितरण कार्यक्रम ५० प्रतिशत साझेदारी ४ | ३००००० | उत्पादनमा बृद्धि गर्न विउ विजन वितरण कार्यक्रम ४ | ३००००० |
| ६ | निशुल्क विद्युत मिटर वितरण तथा पोल बत्ति ४० प्रतिशत साझेदारी कार्यक्रम ४ | ३००००० | निशुल्क विद्युत मिटर वितरण तथा पोल बत्ति कार्यक्रम | ३००००० |
| ७ | गौतमटोल खोल्सी खानेपानी ट्याङ्की मर्मत सहित नयाँ इनार निर्माण ५ | १००००० | गौतमटोल खानेपानी इन्टेक निर्माण ५ | १००००० |
| ८ | कुर्लेटार खोल्सी कल्भर्ट तथा स्तरउन्नती ५ | ५००००० | कुर्लेटार खोल्सी बाटो स्तरउन्नती ५ | ५००००० |
| ९ | मायादेवी थापाको घर उकालो टावरमार्ग पानीट्याङ्की जाने बाटो ढलान ६ | २००००० | प्रा.वि. अधेरी पुर्वाधार विकास कार्यक्रम ६ | ५०००० |
| १० | | | खरखरे उकालो पिपल चौतारा निर्माण ६ | ५०००० |
| ११ | | | क.न.पा. ५ स्थित तामाङ्ग समुदायको आर्यघाटको भवन निर्माण | १००००० |
| १२ | क.न.पा. ५ स्थित तामाङ्ग समुदायको आर्यघाटको ट्रस निर्माण ६ | २५०००० | क.न.पा. ५ स्थित तामाङ्ग समुदायको आर्यघाटको भवन निर्माण | २५०००० |
| १३ | खम्बेचौरी प्यारापिट निर्माण ६ | ४०००००० | खम्बेचौरी खेल मैदान स्तरउन्नती ( | ४००००० |

| सि.नं. | स्वीकृत योजनाको नाम | स्वीकृत रकम | संशोधन गर्ने पर्ने योजनाको नाम | संशोधन रकम |
|---|---|---|---|---|
| | | | बहुवर्षिय) ६ | ० |
| १४ | माफिडाँडा मन्दिर निर्माण ७ | २००००० | माफिडाँडा सडक मर्मत तथा ग्रोवेल ७ | २००००० |
| १५ | ढाडबारी हुँदै चुहार फर्ने बाटो ७ | १००००० | धापाटोल दमारबारी सडक मर्मत ७ | १००००० |
| १६ | विपि राजमार्ग गोलेटोल हुँदै कृषि सडक जाने सडक स्तरउन्नती ८ | २००००० | विपिराजमार्ग हुँदै खड्ग ब तामाङ्गको घरछेउ हुँदै नाला निर्माण ८ | २००००० |
| १७ | डुम्रे बोडर खोल्सी सिचाई कुलो मर्मत ८ | १००००० | डुम्रे बडर खोल्सी संरक्षण ८ | १००००० |
| १८ | पन्नसी महिला भवन निर्माण ९ | २००००० | पन्नेसी गुम्बा भवन स्तरउन्नती ९ | २००००० |
| १९ | महिला तथा जेष्ठ नागरिक लक्षीत कार्यक्रम ९ | ९०००० | जेष्ठ नागरिक सेवा केन्द्रलाई योग शिविर आवश्यक सामान खरिद | ५०००० |
| २० | | | महिला सम्बन्धि विविध कार्यक्रम | ४०००० |
| २१ | बर्राबोटे कुलो बाँध मर्मत १० | ५०००० | बर्राबोटे कुलो मर्मत १० | ५०००० |
| २२ | गोरेटो बाटो कोलडाँडा रमिते स्तरउन्नती ११ | २००००० | अधुरो बेसारे खोला कल्भर्ट निर्माण ११ | ३००००० |
| २३ | विरौटे शहरे कोजे सिचाई कुलो मर्मत ११ | १००००० | | |
| २४ | ढाडे इनार निर्माण १२ | १००००० | कुण्डेश्वर फोलुङ्गेपुल सडक स्तरउन्नती १२ | १००००० |
| २५ | डहर फलामे सडक निर्माण १२ | ४००००० | पानीघट्ट डहर सडक स्तरउन्नती १२ | ४००००० |
| २६ | बालबालिका पोषण कार्यक्रम १२ | ५०००० | पशुपालन ब्यबसाय प्रशिक्षण कार्यक्रम १२ | ५०००० |
| २७ | देवीथान मन्दिर घेराबेरा १३ | २००००० | वयरवनी रिङ्गरोड अधुरो बाटो निर्माण १३ | २००००० |
| २८ | फोलुङ्गेपुल जाने बाटो ढलान १३ | २००००० | सार्कि जेठाको घर नजिक बाटो ढलान १३ | २००००० |
| २९ | माटी खहरे कल्भर्ट निर्माण, शिव मन्दिर घेराबेरा साबिक वडा नं. ५ क्लब भवन देखि रामे अधिकारीको घर सम्म बाटो स्तरउन्नती चन्दरपुर विच टोल इनार र खानेपानी ट्याङ्गी निर्माण, लक्ष्मी नारायण धर्मशाला निर्माण | ६०१२०० | वडाको भिभिन्न बाटोहरु मर्मत तथा सरसफाई १४ | ६०१२०० |

**निर्णय नं. ३ :** उल्लेखित अनुसार क देखि घ सम्मका कार्यविधि संशोधन, थप गर्ने र कार्यविधि स्वीकृती गर्ने निर्णय गरियो ।

क) संस्था दर्ता भए पछि अनिवार्य रुपले स्थायी लेखा नम्बर (PAN) लिनु पर्ने व्यवस्थालाई थप गर्ने । (दफा नं. ४.२ मा थप)

ख) टोल विकास संस्था संचालन सम्बन्धि कार्यविधि, २०७६ स्वीकृत हुनु भन्दा अगाडी गठन भई दर्ता भएका टोल विकास संस्था लामो समयसम्म निस्कृष्य रहेकाहरुको हकमा सो टोल विकास संस्थाहरुले खारेजको लागि नगरपालिकामा टोल विकास संस्था समितिको निर्णय र वडाको सिफारीस सहित निवेदन दिएमा कार्यालयबाट अनुगमन गर्दा निस्कृय रहेको भनी प्रतिवेदन पेश गरे पश्चात सो टोल विकास संस्थालाई खारेज गरी उक्त टोलबाट फरक नामको टोल विकास संस्था दर्ताको लागि प्राप्त आवश्यक कागजात सहितको निवेदन बमोजिम १ (एक) पटकको लागि मात्र नियमानुसार टोल विकास संस्था दर्ता गर्ने । (दफा नं. ३१ मा शंसोधन)

ग) कमलामाई नगरपालिका विद्यालय बस संचालन कार्यविधि, २०८०,

घ) प्रारम्भिक बाल शिक्षा केन्द्र एवं शिशु विकास केन्द्र व्यवस्थापन कार्यविधि, २०८०

**निर्णय नं. ४ :** "घ" वर्गको इजाजत प्रमाण-पत्रको लागि निम्न प्रा.लि. हरुलाई उपलब्ध गराउने निर्णय गरियो ।

क) श्री एस.एस. गोदार थापा निर्माण सेवा प्रा.लि., क.न.पा.-४, प्रोप्राइटर श्री धन बहादुर थापा ।

ख) श्री उत्सव कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., क.न.पा.-६, प्रोप्राइटर श्री उत्सव थापा ।

**निर्णय नं. ५ :** आ.व. २०८१/०८२ को लागि तपसिलमा उल्लेखित अनुसारका योजनाहरु संघ र प्रदेशसँग माग गर्ने निर्णय गरियो ।

क) क.न.पा.-५, रंगशाला फिल्ड निर्माण र कम्पाउण्ड घेराबेरा (प्रदेश सरकार),

ख) धार्मिक स्थल शिद्धबाबाको पूर्वाधार निर्माण (पर्यटन मन्त्रालय र पुरातत्व विभाग),

ग) क.न.पा.-८ स्थित ऐतिहासिक र धार्मिक स्थल श्री कमलामाई मन्दिरको पूर्वाधार निर्माण (पर्यटन मन्त्रालय)

**निर्णय नं. ६ :** आ.व. २०८०/०८१ मा बिनियोजित एक वडा एक प्राथमिकता योजना शिर्षकबाट (वडा स्तरीय गौरवको आयोजना) को रकमबाट निम्नानुसार योजना स्वीकृत गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| १. | वडा नं. ३, कुँडुले पारी खेत पाईप सिंचाई : | रु. १,५०,०००।- |
| २. | वडा नं. ३, कलंकी घिमिरे खेत सिंचाई : | रु. १,५०,०००।- |
| ३. | वडा नं. ३, तारुफेदी आहाल डाँडा मोटरबाटो : | रु. ५,००,०००।- |
| ४. | वडा नं. १०, सार्वजनिक भवन पूर्वाधार निर्माण, कुलो खोला : | रु. ८,००,०००।- |
| ५. | वडा नं. २, थाक्ले मोटरबाटो स्तरोन्नती : | रु. ८,००,०००।- |
| ६. | वडा नं. ११, फिटिङ्ग मन्दिर निर्माण : | रु. १,५०,०००।- |
| ७. | वडा नं. ११, जस्मनटार तेर्से सडक स्तरोन्नती : | रु. २,००,०००।- |
| ८. | वडा नं. ११, खा.पा. निर्माण : | रु. १,००,०००।- |
| ९. | वडा नं. ११, भिरगाउँ उकालो सडक स्तरोन्नती : | रु. ३,५०,०००।- |
| १०. | वडा नं. १२, भवन निर्माण (मोरङ्गे) : | रु. ८,००,०००।- |
| ११. | वडा नं. ६, महिला बहुउद्धेश्य भवन स्तरोन्नती, २ नं. बजार | रु. ३,५०,०००।- |
| १२. | वडा नं. ६, पानीट्याङ्गी मुल बाटोबाट चित्र लुङ्गेली बाटो स्तरोन्नती : | रु. ४,५०,०००।- |
| १३. | वडा नं. ९, सानो भलुवाई लच्का स्तरोन्नती : | रु. ४,००,०००।- |
| १४. | वडा नं. १४, खिरखिरे टोल देखि दनुवारटोल जावने तल्लो बाटो स्तरोन्नती : | रु. ८,००,०००।- |

**निर्णय नं. ७ :** नेपाल नगरपालिका महासंघलाई बक्यौता र सदस्यता शुल्क वापत चार आर्थिक वर्ष आ.व. २०७६/०७७ देखि २०८०/०८१ सम्मको सदस्यता शुल्क रु. २,५०,०००।- अन्य विविध कार्यक्रम शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८ :** कमलामाई नगरपालिका भित्र वि.पी. हाईवे र मदनभण्डारी राजमार्ग दाँयाबाँया २१ मिटर बाहिर निर्माण भएका घरहरुको नक्शापास सम्वन्धमा सम्वन्धित निकायमा पत्राचार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९ :** नेपाल सरकारबाट दरबन्दी स्वीकृत गर्दा दरबन्दीमा नपरेका अस्थायी, करार र ज्यालादारी कर्मचारीहरु कार्यालय सहयोगी, सरसफाईकर्मी, पाले, स्वीपर, माली, सवारी चालक, नगर प्रहरी, प्राविधिक, न्यायिक सहजकर्ता लगायत कार्यरत कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन तथा औचित्य तथा आवश्यकताको आधारमा कार्य गरेको अवधि अनुसार २०८० माघ १ गते देखि २०८१ असार मसान्तसम्म म्याद थप गरी निरन्तरता दिन र कार्यमूल्याङ्कन समितिबाट मूल्याङ्कन भई ज्यालादारीबाट करार सेवामा परिणत भएका कर्मचारीहरुलाई निरन्तरता दिने निर्णय अनुमोदनका लागि पेश गर्दछु ।

निर्णय न १०: भूमिहिन दलित भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीहरुको जग्गाधनी प्रमाणपत्र वितरण मध्ये वडा न १२ को वडास्तरिय वाट सम्पुर्ण कार्यहरु सम्पन्न भइ वडा समिति वाट समेत निर्णय भइ सिफारिस भई आएको मा मिति २०८०/०९/२५ गतेको बैठक सं १५१ मा छुट भएका तपसिलमा उल्लेखित तिन जना भूमिहिन दलितहरुलाई जग्गा प्राप्तिका लागि राष्ट्रिय भूमि अयोग जिल्ला समितिमा निवेदकहरु मध्ये ३ तीन जनालाई जग्गाधनी प्रमाणपत्र वितरणका सिफारिस सहित पेश गर्ने भनी निर्णय गरियौ ।

| सिन | वासोवास वा अवाद कमोत गर्ने | किता कोड | नक्सा न | किता न | जग्गा उपलब्ध गराउन सकिने जम्मा छेत्रफल व मि | प्रयोजन |
|---|---|---|---|---|---|---|
| भूमिहिन दलित | | | | | | |
| १ | चिनराम दर्जी | BD००२ | १६४-१४०२ | १० | १९९९.२२ व मि | कृषि |
| २ | चेत ब परियार | BD ००३ | १६४-१४०२ | १५ | १५१३.०० व मि | कृषि |
| ३ | तिल कुमारी कामी | BD ००४-१ | १६४-१४४१ | ४ | १०५९.०० व मि | कृषि |
| | | BD ००४-२ | १६४-१४४२ | ४ | ९२४.९७ व मि | कृषि |